10TH OF MAY

National News

<u>मुख्य समाचार</u>

- एनडीए सरकारले देशका आदिवासी बसो बासो गरेको क्षेत्रमा बुनियादी सुविधा उपलब्ध गराएको श्री मोदीको दाबी
- भाजपाका अध्यक्षले गर्नुभयो हरियाणाको पंचकुलामा अम्बाला लोकसभा निर्वाचन क्षेत्रका भाजपा उम्मेदवार श्री बान्टोको पक्षमा रोड शो
- पहीलो पटक समाजवादी पार्टीका अध्यक्ष श्री यादव र कांग्रेसका पूर्व अध्यक्ष श्री राहुल गान्धीले संयुक्त रुपमा गर्नुभयो राजनीतिक ऱ्यालीलाई सम्बोधन
- निर्वाचन आयोगले कांग्रेस अध्यक्ष श्री खर्गेले अन्तिम मतगणनाको तथ्यांक सार्वजनिक गर्न ढिलाइ गरेको आरोपलाई गर्यो अस्वीकार
- प्रसिद्ध तिर्थ केदारनाथ घामको द्वार आजबाट भक्तजनको लागि खोलियो

एनडीए सरकारले देशका आदिवासी बसो बासो गरेको क्षेत्रमा बुनियादी सुविधा उपलब्ध गराएको श्री मोदीको दाबी

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले एनडीए सरकारले देशका आदिवासी बसो बासो गरेको क्षेत्रमा पक्का घर, बिजुली जडान, पानीको सुविधा, ग्यास जडान र अन्य सुविधा उपलब्ध गराएको बताउनु भएको छ। आज महाराष्टको नंदुरबारमा एक चुनावी सभालाई सम्बोधन गर्दै उहाँले एनडीए सरकारले प्रधानमन्त्री आवास योजना अन्तर्गत लगभग एक लाख 25 हजार पक्का घरहरू बनाएको र जिल्लाका 12 लाख भन्दा बढी मानिसहरूलाई कुपोषणबाट बचाउन नि:शुल्क रासनको सुविधा उपल्बध गराइएको जानकारी दिनुभयो। उहाले महाराष्ट्रका 30 हजारभन्दा बढी गाउँमा धाराको पानीको जडान सुविधा उपलब्ध गराइएको पनि जानकारी दिनुभयो। नंदुरबारका दुर्गम क्षेत्रका एक सय 11 गाउँ पनि यसमा पर्छन् । श्री मोदीले भन्नुभयो " एनडीएले राष्ट्रपति पदका लागि श्रीमती द्रौपदी मुर्मुको पक्षमा मतदान गऱ्यो, जसले देशलाई आदिवासी समुदायबाट पहिलो राष्ट्रपति दिएको थियो।"कार्यक्रममा मुख्यमन्त्री श्री एकनाथ शिन्दे, राज्यका उपमुख्यमन्त्री श्री देवेन्द्र Fadnavis र अन्य पार्टीका सदस्यहरू पनि उपस्थित थिए।

## भाजपाका अध्यक्षले गर्नुभयो हरियाणाको पंचकुलामा अम्बाला लोकसभा निर्वाचन क्षेत्रका भाजपा उम्मेदवार श्री बान्टोको पक्षमा रोड शो

भारतीय जनता पार्टीका राष्ट्रीय अध्यक्ष श्री जे. पी. नड्डाले हरियाणाको पंचकुलामा अम्बाला लोकसभा निर्वाचन क्षेत्रका भाजपा उम्मेदवार श्री बान्टो कटारियाको पक्षमा रोड शो गर्नुभयो। सो अवसरमा विधानसभा अध्यक्ष श्री ज्ञानचन्द गुप्ता, कालका-का पूर्व विधायक श्री सुभाष बराला लगायत अन्य वरिष्ठ नेताहरुको उपस्थिति रहेको थियो ।आफ्नो सम्बोधनमा श्री नड्डाले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकारले गरेको कामको उल्लेख गर्दै भाजपा उम्मेदवारको पक्षमा मतदान गर्न जनतालाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो "यो चुनाव बान्टो कटारियाका लागि मात्र नभएर प्रधानमन्त्री श्री मोदीको नेतृत्वमा भारतलाई विकसित राष्ट्र बनाउनका लागि पनि हो"। श्री नड्डाले कांग्रेसलाई भ्रष्टाचारलाई प्रवर्द्धन गर्ने पार्टी हो भन्दै आलोचना गर्नुभयो ।

## पहीलो पटक समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादव र कांग्रेसका पूर्व अध्यक्ष श्री राहुल गान्धीले संयुक्त रुपमा गर्नुभयो राजनीतिक  र्‍यालीलाई सम्बोधन

उत्तर प्रदेशमा चुनावी प्रचारका क्रममा पहिलो पटक समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादव र कांग्रेसका पूर्व अध्यक्ष श्री राहुल गान्धीले संयुक्त रुपमा राजनीतिक र्‍यालीलाई सम्बोधन गरि्नु भयो । कन्नौजमा दुवै नेताले भारतीय जनता पार्टीमाथि आरोप लगाउनु भएको छ । कांग्रेसका पूर्व अध्यक्ष श्री राहुल गान्धीले आफ्नो सम्बोधनमा भारतीय जनता पार्टीको निन्दा गर्दै किसानहरूलाई गरिबीको रेखा माथि नआउञ्जेल कांग्रेस पार्टीले आर्थिक सहयोग गरिरहने बचन दिनु भएको छ। दुवै नेताले संयुक्त रुपमा कानपुर जिल्लामा अर्को सभालाई सम्बोधन पनि गर्नुभयो।

कांग्रेसका उत्तर प्रदेशका अध्यक्ष तथा वाराणसीबाट पार्टीका उम्मेदवार श्री अजय राईले आज उम्मेदवारीता दर्ता गर्नुभएको छ । केन्द्रीय मन्त्री तथा चन्दौलीबाट भाजपाका उम्मेदवार डा महेन्द्रनाथ पाण्डे, गोरखपुर सिटबाट फिल्मस्टार तथा भाजपाका उम्मेदवार श्री रवि किशन, गाजीपुरबाट पार्टीका उम्मेदवार श्री पारसनाथ राई र बलियाबाट श्री नीरज शेखरले पनि उम्मेदवारी दर्ता गराउनु भएको छ।

निर्वाचन आयोगले कांग्रेस अध्यक्ष श्री खर्गेले अन्तिम मतगणनाको तथ्यांक सार्वजनिक गर्न ढिलाइ गरेको आरोपलाई गर्यो अस्वीकार

निर्वाचन आयोगले कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेले लगाएको अन्तिम मतगणनाको तथ्यांक सार्वजनिक गर्न ढिलाइ गरेको आरोप अस्वीकार गरेको छ । आयोगले कांग्रेस अध्यक्षलाई लेखेको पत्रमा यी आरोपहरू अनुचित, आधारहीन र पक्षपातपूर्ण भ्रम फैलाउने प्रयासमा भएको बताएको छ । श्री खर्गेले सामाजिक सञ्जालको एक पोस्टमा आयोगको अघिल्लो मतदान डाटामा कथित विसंगतिहरू उल्लेख गर्नुभको थियो। आयोगले श्री खर्गेलाई सावधानी अपनाउन र त्यस्ता अभिव्यक्तिहरू नगर्न सल्लाह दिएको छ।

DOT ले दियो भारतभर साइबर अपराधमा दुरुपयोग हुने 28 हजार 200 मोबाइल ह्यान्डसेटहरू ब्लक गर्न दूरसञ्चार सेवा प्रदायकहरूलाई निर्देशन।

दूरसञ्चार विभागले भारतभर साइबर अपराधमा दुरुपयोग हुने 28 हजार 200 मोबाइल ह्यान्डसेटहरू ब्लक गर्न दूरसञ्चार सेवा प्रदायकहरूलाई निर्देशन दिएको छ। विभागले मोबाइल ह्यान्डसेटहरूसँग जोडिएका 20 लाख मोबाइल जडानहरू तुरुन्तै पुन: प्रमाणीकरण गर्न पनि निर्देशन दिएको छ। त्यसो नगरेको खण्डमा ती जडानहरू disconnect गर्न निर्देशन पनि दिइएको छ ।

गृह मन्त्रालय र राज्य पुलिसले एक विश्लेषणमा यी मोबाइल ह्याण्डसेट साइबर अपराधमा प्रयोग हुने गरेको पाइएको छ । दूरसञ्चार विभागको विश्लेषणमा यी मोबाइल ह्यान्डसेटमा 20 लाख नम्बर प्रयोग भएको पाइएको छ । सञ्चार मन्त्रालयले दूरसञ्चार विभाग, गृह मन्त्रालय र राज्यको पुलिसको समन्वयमा ठगीको सञ्जाललाई ध्वस्त पार्ने र डिजिटल खशतराबाट नागरिकलाई सुरक्षा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

सर्वोच्च न्यायालयले दियो दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई 21 दिनको अन्तरिम जमानत

आज सर्वोच्च न्यायालयले दिल्ली मादक प्रदार्थ घोटालासँग सम्बन्धित मनी लान्ड्रिंग मुद्दामा दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई 21 दिनको अन्तरिम जमानत दिएको छ। सर्वोच्च न्यायालयले आम आदमी पार्टीका प्रमुखलाई सात चरणको लोकसभा चुनावको मतदान सकिएको एक दिनपछि जुन 2 मा आत्मसमर्पण गर्न आग्रह गरेको छ। श्री केजरीवालले अहिले चलिरहेको लोकसभा चुनावको प्रचारका लागि जेलबाट रिहाइको माग गरेका थिए। सर्वोच्च न्यायालयले प्रवर्तन निर्देशनालयले उनलाई पक्राउ गर्न ढिलाइ गरेकोमा पनि औंला उठाएको छ। केन्द्रीय जाँच एजेन्सीले केजरीवाल विरुद्ध अगस्ट 2022 मा रिपोर्ट दायर गरेको तर उनलाई

यस वर्ष मार्च 21 मा मात्रै पक्राउ गरेको न्यायमूर्ति सञ्जीव खन्ना र दिपङ्कर दत्तको बेन्चले बताएको छ।

आजबाट प्रसिद्ध तिर्थ केदारनाथ घामको द्वार भक्तजनको लागि खोलिएको छ।

उत्तराखण्डमा अक्षय तृतीयाको शुभ अवसरमा वैदिक मन्त्र जपका साथ केदारनाथ धामका द्वार भक्तजनका लागि खोलिएको छ । यो परम्पराले राज्यमा प्रतिष्ठित चार-धाम यात्राको आधिकारिक सुरुवातलाई अंकीत गर्दछ । यस अवसरमा आज बिहान आयोजित कार्यक्रममा मुख्यमन्त्री श्री पुष्करसिंह धामीसहित भक्तजनहरुको बाक्लो उपस्थिति रहेको थियो ।यस शुभ अवसरमा केदारनाथ धामलाई लगभग 20 क्विन्टल पुष्पले सजाइएको थियो।आजबाट गंगोत्री र यमुनोत्री धामका द्वार पनि खोलिएका छन्।यसैबीच, राज्य सरकारले चारधाम यात्रामा तीर्थयात्रीहरूको सुविधा र सुरक्षा सुनिश्चित गर्न व्यापक कदम चालेको छ। यस वर्ष तीर्थयात्राका लागि सर्वसाधारणमा विशेष उत्साह देखिएको र 22 लाखभन्दा बढी भक्तजनले तीर्थयात्राका लागि नाम दर्ता गराएको हाम्रा संवाददाताले जानकारी दिएका छन् ।